# संसद दर्पण

वर्ष २ अंक ९ २०७४ श्रावण



व्यवस्थापिका–संसद सचिवालय
सिंहदरवार, काठमाडौं
२०७४

# संसद दर्पण


| वर्ष २ | अंक ९ | २०७४ श्रावण |
|---|---|---|


सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को व्यवस्था वमोजिम प्रकाशित


**प्रकाशन समिति**

| | | |
|---|---|---|
| उपसचिव श्री सुदर्शन कुइकेल | - | संयोजक |
| उपसचिव (सूचना अधिकारी) श्री वंशीराज पौडेल | - | सदस्य |
| शाखा अधिकृत श्री राजन घिमिरे | - | सदस्य |
| शाखा अधिकृत श्री त्रिविक्रम पराजुली | - | सदस्य |
| लेखा अधिकृत श्री जग्य प्रसाद रेग्मी | - | सदस्य |
| शाखा अधिकृत श्री शिवदत्त बराल | - | सदस्य |
| शाखा अधिकृत श्री सुलोचना पंज्ञानी | - | सदस्य–सचिव |



व्यवस्थापिका–संसद सचिवालय
सिंहदरवार, काठमाडौं
२०७४

**प्रकाशक** : सूचना तथा अभिलेख व्यवस्थापन शाखा
व्यवस्थापिका-संसद सचिवालय, सिंहदरवार, काठमाडौं
www.parliament.gov. np
information@can.gov.np
४२०००२१, ४२०००७२, ४२०१३४, ४२००२१०

**कम्प्यूटर सेटिङ्ग** : पूर्णेन्द्र पाण्डेय
करनबहादुर भाट

**संख्या** : १०० प्रति
**मुद्रण** : व्यवस्थापिका-संसद सचिवालय, अफसेट प्रेस, संसद भवन, सिंहदरवार

# सम्पादकीय

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ मा व्यवस्था भए वमोजिमका विषयवस्तुहरुलाई समेटी व्यवस्थापिका-संसद सचिवालयले हरेक तीन-तीन महिनामा संसद दर्पण नामक पुस्तक प्रकाशन गर्दै आईरहेको व्यहोरा सर्वविदित नै छ । यस पुस्तकमा व्यवस्थापिका-संसदका समितिहरु र शाखाहरु अन्तर्गत भए गरेका काम कारवाही र निर्णयहरुलाई समावेश गरेर प्रकाशन गरिदै आए अनुसार यस अंकमा पनि २०७४ साल वैशाख महिनादेखि असार मसान्तसम्मका काम कारवाहीहरुलाई समावेश गरी प्रकाशन गर्ने जमर्को यस पुस्तक मार्फत गरेका छौ ।

यस पुस्तकको प्रकाशनले व्यवस्थापिका-संसद र व्यवस्थापिका-संसद सचिवालयबारे उत्सुकता राख्नुहुने जोसुकै पाठकहरुको लागि पनि उपयोगी हुने कुरामा हामी विश्वस्त छौं । यस प्रकाशन समितिले प्रत्येक ३/३ महिनामा प्रकाशन गरि पस्केको संसद दर्पणका अंकहरुलाई गहन रुपमा अध्ययन गरि थप हौसला प्रदान गरिदिनु भएकोमा यो समिति सबैमा हार्दिक आभार प्रकट गर्दछ । यस अंकमा समेट्न नसकिएका विषयवस्तुहरुलाई आगामी अंकहरुमा समेट्दै जाने कुरामा प्रकाशन समिति दृढ छ साथै प्रकाशनमा देखिएका कमीकमजोरीलाई आगामी अंकहरुमा सुधार गरिंदै जाने व्यहोरा अवगत गराउँदै पाठकहरुबाट महशुस गरिएका सुझाव एवं प्रतिक्रियाहरु लिखित वा मौखिक रुपमा information@can.gov.npमा वा ०१-४२००२१० मार्फत पाउने अपेक्षा सदाझैं प्रकाशन समिति यहाँहरुसँग हार्दिक अनुरोध गर्दछ ।

**धन्यवाद ।**

**प्रकाशन समिति**

# विषय सूची

व्यवस्थापिका-संसद अन्तर्गतका शाखा तथा विषयगत समितिका गतिविधिहरु ........ १

दोस्रो र तेस्रो अधिवेशन र कार्यव्यवस्था शाखा ........ १

विधायन समिति ........ २

राज्य व्यवस्था समिति ........ ३

सुशासन तथा अनुगमन समिति ........ ४

उद्योग वाणिज्य तथा उपभोक्ताहित सम्वन्ध समिति ........ १०

कृषि तथा जलस्रोत समिति ........ १२

अर्थ समिति ........ १४

वातावरण संरक्षण समिति ........ १७

विकास समिति ........ १८

संसदीय सुनुवाई विशेष समिति ........ २३

अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा ........ २३

अनुसूची-१

*बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण* ........ २४

अनुसूची - २

आर्थिक प्रशासन शाखा ........ २७

# व्यवस्थापिका-संसद
## व्यवस्थापिका-संसद अन्तर्गतका शाखा तथा विषयगत समितिका गतिविधिहरु

### व्यवस्थापिका-संसदको
### दोस्रो र तेस्रो अधिवेशन र कार्यव्यवस्था शाखा

व्यवस्थापिका-संसद सचिवालय अन्तर्गत रहेको कार्य व्यवस्था शाखाबाट व्यवस्थापिका संसदको अधिवेशनहरुका बैठक संचालनार्थ आवश्यक सहयोग र समन्वय गर्ने कार्य गर्दछ । यसै सिलसिलामा यस अवधिमा संकलित माननीय सदस्यहरुको १० दिन भन्दा कम अनुपस्थितिका सूचनाहरु सम्माननीय सभामुखबाट स्वीकृतिको लागि पेश गरिएको छ । यस अवधिमा कार्यव्यवस्था परामर्श समितिको ४ वटा वैठक वसी सम्माननीय सभामुखलाई व्यवस्थापिका-संसदका बैठकहरुको कार्यसूचीका सम्बन्धमा परामर्श दिनुका साथै व्यवस्थापिका-संसदको दोस्रो अधिवेशनको जर्नल तयार गरी सम्बन्धित ठाउंमा उपलव्ध गराइसकिएको साथै यस पुस्तिकाको अघिल्लो प्रकाशनमा व्यवस्थापिका-संसदको दोस्रो अधिवेशनको चैत्र मसान्तसम्मको अवधिमा व्यवस्थापिका-संसदबाट भए गरेका कार्यहरुको विवरण प्रस्तुत भैसकेको र सो मिति देखि २०७४ असार मसान्तसम्म निम्नलिखित कार्यहरु भएको छ ।

- २०७४ वैशाख ७ गते देखि केही दिन मधेशको समस्या समाधान गरेर मात्र स्थानीय तहको निर्वाचन हुनुपर्ने, संविधान संशोधन नगरी निर्वाचनमा जान खोजिएमा निर्वाचन हुन नसक्ने र मधेशी जनताको माग पुरा नभएसम्म मोर्चाले सदनको बैठक वहिष्कार गर्ने भन्दै संघीय समाजवादी फोरम नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, तराई मधेश सद्भावना पार्टी, नेपाल, थरुहट तराई पार्टी, नेपाल र नेपाल सदभावना पार्टीका सदनमा उपस्थित मा० सदस्यहरु बैठक कक्षबाट वाहिरिनु भयो ।
- वैशाख ११ गते वातावरण संरक्षण समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री गणेश प्रसाद विमलीले “वनस्पति विधेयकलाई फिर्ता लिने सम्बन्धी समितिको प्रतिवेदन, २०७३” पेश गर्नुभयो
- वैशाख १७ गते पूर्व सदस्य नथुनी सिंह दनुवारको निधन भएकोमा शोक प्रस्ताव पारित भयो. ।
- जेठ ४ गते १० दिन भन्दा बढी अनुपस्थित रहनु हुने ११७ जना मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो । साथै सोही दिन सम्माननीय राष्ट्रपतिबाट व्यवस्थापिका-संसदको दोस्रो अधिवेशन अन्त्य गरिएको थियो ।
- जेठ ८ गते सम्माननीय राष्ट्रपतिबाट व्यवस्थापिका-संसदको तेस्रो अधिवेशन आव्हान गरेबमोजिम तेस्रो अधिवेशनको पहिलो बैठक वसेको थियो ।
- जेठ ११ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले ०७४।७५ को नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा जेठ १३ गते सो को लागि धन्यवादको प्रस्ताव पारित भएको थियो ।
- जेठ १४ गते निति तथा कार्यक्रममाथि छलफ भयो । साथै १४ गते व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १४९ को उपनियम (२), (३) र (४) लाई निलम्वन गरियोस् भन्ने प्रस्ताव पारित भएको. थियो । सोही दिन मा० उपप्रधानमन्त्री एवं अर्थमन्त्री श्री कृष्णबहादुर महराले “आ.व. २०७३/०७४ को आर्थिक सर्भेक्षण” पेश गर्नुभयो ।

- जेठ १५ गते आ.व. २०७४/०७५ को लागि कूल रु १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजारको राजश्व र व्ययको वार्षिक अनुमान सदन समक्ष पेश गरियो ।
- जेठ २३ गते प्रधानन्यायाधीश श्री सुशिला कार्की विरुद्धको महाभियोगको प्रस्ताव फिर्ता गरियो । साथै सोही दिन श्री शेरबहादुर देउवा नेपालको प्रधानमन्त्री पदमा सदनको ३८८ मतले विजयी हुनुभयो ।
- जेठ २५ गते र २८ गते विधेयक पारित गर्ने प्रकृयाका केही नियम निलम्वन गरी स्थानीय तह निर्वाचन विधेयक र राजनीतिक दल सम्बन्धी विधेयक पारित गरिएको थियो ।
- असार १८ गते व्यवस्थापिका-संसद सदस्य महिन लिम्बुको निधन भएकोमा शोक प्रस्ताव पारित गरियो ।
- असार १९ गते राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गरियो ।
- असार २० गते देखि २६ गतेसम्म विनियोजन विधेयकमाथि छलफल गरि सम्बन्धित मन्त्रीबाट जवाफ दिने कार्य भई २६ गते विनियोजन विधेयक पारित भयो साथै असार २९ गते आर्थिक विधेयक पारित भयो ।
- यसैबीच परराष्ट्र, गृहमन्त्री लगायत अन्य मन्त्रीहरुले सम सामयिक विषयका सम्बन्धमा जरुरी सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।
- उक्त अवधिमा विधेयक सम्बन्धमा सदनबाट भए गरेका कारवाहीको विवरण विधेयक शाखाबाट प्राप्त प्रगति विवरणमा समावेश रहेको छ ।

*दोस्रो अधिवेशन बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण अनुसूचि–१ मा उल्लेख गरिएको छ ।*

## विधायन समिति

व्यवस्थापिका संसद, विधायन समितिबाट बैशाख, जेठ र असार महिनाको विभिन्न मितिहरुमा भए गरेका कामकारवाहीको विवरण :

**विवरणहरु:**

१. प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सविधा र सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपसमितिले माननीय संसोधनकर्ताहरुसंग छलफल सम्पन्न भयो । साथै यी विधेयकमा रहेका प्रस्तावित व्यवस्थाहरुले आर्थिक रुपले के कस्तो प्रभाव पार्ने विषयमा अर्थ मन्त्रालयसंग छलफल सम्पन्न भएका छन् ।

२. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्वन्धी समितिको प्रतिबेदन सदनमा पेश गर्न कार्य व्यवस्था महाशाखामा पठाईयो ।

३. प्रत्यायोजित व्यवस्थापन उपसमिति सम्बन्धी कार्यलाई अगाडी बढाउन नेपाल सरकारका सबै मन्त्रालय र ती मन्त्रालय मातहतका निकायहरुबाट प्रत्यायोजित व्यवस्थापन अर्न्तगत बनेका नियमहरु- निर्देशिका,कार्यविधी ,आदेश र मापदण्ड संकलन कार्य भईरहेको छ । साथै यस प्रतिवेदन अविधमा उपसमितिका १६ वटा बैठक बसेको छ ।यसका साथै, प्रत्यायोजित व्यवथापन उपसमिति कार्यक्षेत्र अर्न्तगतका (**अर्थ, शिक्षा, वन तथा भू-संरक्षण, वाणिज्य र उद्योग मन्त्रालय**) ले बनाई लागु गरीएका विनियम/कार्यविधि, निर्देशिका वा आदेश जारि गर्दा अपनाइने मापदण्ड, सिर्जना हुने दायित्व र अधिकार क्षेत्र लगायतका विषयमा सैद्धान्तिक छलफलकालागि त्यस मन्त्रालयका सचिवज्यहरु र कानून महाशाखा/शाखाका प्रमुखहरुलाई उपसमितिको बैठकमा आमन्त्रण गरि छलफल गरियो ।

## राज्य व्यवस्था समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७४/०१/०३ | • आगामी स्थानीय तहको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, र भयरहित वातावरणमा सम्पन्न गराउन र उक्त निर्वाचनमा सबै राजनीतिक दलहरुलाई सहभागी हुने वातावरण तत्काल बनाउन नेपाल सरकारलाई निर्देशन दिने ।<br>• निर्वाचन नजिकिँदै जाँदा आचार संहिताको धेरै ठाउँहरुमा व्यापक रुपमा उल्लघन भएको पाइएकाले आचार संहिताको उल्लंघन हुन नदिने परिस्थिती सिर्जना गर्ने र उल्लघन गर्नेलाई अविलम्व कानून वमोजिम कारवाही गर्ने व्यवस्था गर्न निर्वाचन आयोगलाई निर्देशन दिने ।<br>• आउँदो वैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको निर्वाचनको व्यवस्थापिका-संसदको तर्फबाट अनुगमन, सुपरीवेक्षण गर्नु वाञ्छनीय भएकाले राज्य व्यवस्था समितिबाट गठन हुने अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी टोलीहरुलाई सो कार्यका लागि पठाउन आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोगलाई निर्देशन दिने ।<br>• तराई लगायतका विभिन्न स्थानहरुमा घटेका आगलागीका घटनाहरुको अवस्था र भएको जनधनको क्षतिका सम्वन्धमा स्थलगत अवलोकन गरी नेपाल सरकारलाई आवश्यकतानुसार सिफारिश सहितको निर्देशन गर्न समितिको एक टोली गठन गर्ने ।<br>• मनसुन छिट्टै शुरु हुँदै गरेको र सदाभैं मनसुनका बेला बाढी पहिरो जस्ता प्राकृतिक विपद्ले व्यापक जनधनको क्षति हुन सक्ने संभावनालाई ख्याल गर्दै पूर्व तयारीमा अविलम्व जुट्नका लागि नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने । |
| २०७४/०२/१७ | • समितिको आजको बैठकमा सामान्य प्रशासन मन्त्रीबाट प्रस्तुत भएको अधिकार सम्पन्न संघीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ उपर छलफल प्रारम्भ भयो । |
| २०७४/०२/१९ | • समितिको आजको बैठकमा सामान्य प्रशासन मन्त्रीबाट प्रस्तुत अधिकार सम्पन्न संघीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ माथि छलफल भयो । |

| | |
|---|---|
| २०७४/०३/२३ | ● हालै देशका विभिन्न भागमा घटेका बाढी पहिरो लगायत अन्य प्राकृतिक प्रकोपबाट ज्यान गुमाउने र पीडित सर्वसाधारणका लागि न्यायोचित क्षतिपूर्ति, उद्धार र राहत वितरण कार्य प्रभावकारी रुपमा गर्न, गराउन माननीय गृह मन्त्रीलाई निर्देशन दिने ।<br>● राष्ट्रिय सभा, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सम्बन्धी आवश्यक विधेयकहरु सँगसँगै विपद् जोखिम व्यवस्थापन विधेयक तत्कालै ल्याउन माननीय गृह मन्त्रीलाई निर्देशन दिने ।<br>● काठमाण्डौ महानगरपालिका लगायत अन्य नगरपालिकाहरुमा सञ्चालन भइरहेका नाइट क्लब लगायत यसै प्रकृतिका अन्य संस्थाहरुको सञ्चालन, सुरक्षा र प्राकृतिक प्रकोपबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरणबारे अध्ययन गरी सो को प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्न नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिने । |

## सुशासन तथा अनुगमन समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७४।१।१० | ● त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्था सम्वन्धमा अध्ययन तथा सिफारिस गर्न गठित उपसमितिको प्रतिवेदन उपसमितिका संयोजक मा.श्री जनक राज जोशीले समिति समक्ष पेश गर्नुभएको प्रतिवेदन माथि छलफल गरेको ।<br>● त्यसैगरी सरकारी सवारी साधनको उपयोग सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदन उपसमितिका संयोजक मा.श्री जनक राज जोशीले समिति समक्ष पेश गर्नुभएको प्रतिवेदन माथि छलफल गरेको ।<br>● माथि उल्लेखित दुइटै उपसमितिको प्रतिवेदनहरु समिति समक्ष पेश गर्नुभएकोमा समितिद्वारा उपसमितिका संयोजक लगायत माननीय सदस्यहरुलाई धन्यवाद दिइएको । |
| २०७४।१।१५ | ● उजुरीकर्ता द्वय अधिवक्ता युवराज कोइराला र मेनुका भट्टराईले नेपाल सरकार ( तत्कालिन श्री ५ को सरकार) ले विभिन्न मितिमा जफत र अधिग्रहण गरी लिएको ललिता निवास वालुवाटार (हाल नेपाल राष्ट्र वैंक र प्रधानमन्त्री निवास समेत) को हजारौ रोपनी जग्गा मध्ये राजनीतिक व्यक्तिहरु (भरत शम्शेर समेत) को अंश भागमा परेका केही जग्गाहरु नेपाल सरकार (म.प.) को निर्णयबाट फिर्ता दिने निर्णय भएको भएतापनि मुआव्जा समेत दिई अधिग्रहण गरेका सम्पूर्ण जग्गाहरु नेपाल सरकारको अधिन र प्रयोगमा नै रहनु पर्नेमा विभिन्न व्यक्ति विशेषले आफ्नो नाउँमा दर्ता गर्ने धृष्टता गरेको, क्षेत्राधिकार वाहिर गई मोही कायम गरेको र नेपाल सरकारका सम्वन्धित निकायहरु नै (मालपोत कार्यालय समेत) निस्कृय र गलत प्रभावमा परेको पनि देखिन आएकोले सार्वजनिक तथा |

| | |
|---|---|
| | सरकारी जग्गाको सुरक्षा र संरक्षण गरी सुशासन कायम गरी पाउँ भनी यस समितिमा दिनु भएको उजुरीको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसंगको सहयोग र सहकार्यमा उक्त उजुरीमा उल्लेख भएका विषयमा अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखि पठाउने निर्णय भएको ।<br>• हाल बन्द भएको काठमाडौंको एभरेष्ट होटलका सम्वन्धमा श्री ध्रवुप्रसाद लिगलले पेश गर्नु भएको उजुरीका सम्वन्धमा नियमानुसार आवश्यक कारवाही गर्न श्री कम्पनी रजिष्ट्रार कार्यालयलाई लेखि पठाउने निर्णय भयो।<br>• सरकारी सवारी साधनको उपयोग सम्वन्धी उपसमितिको प्रतिवेदनमा उल्लेख भएका विषयलाई आधार वनाई कान्तिपुर दैनिक पत्रिकाको मिति २०७३ वैशाख १३ गतेको अंकमा सम्पादकीयमा स्थान दिएकोमा समितिले कान्तिपुर पव्लिकेशन प्रा.लि.लाई धन्यवाद ज्ञापन दिइएको । |
| • २०७४।१।१७ | • त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्था सम्वन्धमा अध्ययन तथा सिफारिस गर्न गठित उपसमितिको प्रतिवेदनमाथि व्यापक छलफल गरी परिमार्जन सहित समितिबाट सर्वसम्मतीले पारित गरियो ।<br>• पारित भएको समितिको प्रतिवेदनमा रहेको निश्कर्ष तथा सिफारिस निम्नानुसार रहेको छ ।<br>**सुझाव तथा सिफारिस**<br>• यात्रु जाँचपास र कार्गो जाँचपासको लागि छुट्टा छुट्टै भन्सार कार्यालय खडा गर्ने ।<br>• व्यागेज वेल्ट र X-Ray गर्नु भन्दा अगाडीका लगेज राख्न मिल्ने प्वालहरु अविलम्व वन्द गर्ने ।<br>• व्यागेज होल देखि व्यागेज वेल्टसम्म व्यागेज ल्याउँदा वन्द कन्टेनरमा ल्याउने ।<br>• अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्र र आन्तरिक टर्मिनल क्षेत्र वीचको खुला वाटोलाई वन्द गर्ने ।<br>• X-Ray मा शंकास्पद देखिएका व्यागेजमा Magnetic Device राख्ने ।<br>• Walk Through मा रहेका पुराना X-Ray Machine लाई विस्थापित गरी आधुनिक Machine राख्ने ।<br>• CCTV Camera को संख्या र क्षमता वढाउने<br>• Advance Passenger Information System Software जडान गरी प्रविधियुक्त वनाउने ।<br>• X-Ray भई आएका Baggage को Random Selection को आधारमा पुनः |

| | |
|---|---|
| | X-Ray गर्ने ।<br>● Off Load हुने व्यागेजको अनिवार्य भन्सार जाँचपास गराउने ।<br>● Outsourcing गरी गराइएको कामलाई पारदर्शी वनाउन यसको सम्पूर्ण विवरण TIA को Website मा राख्ने ।<br>● भाडामा संचालित Stall जम्मा ४० वटा रहेकोमा केहीले Stall संचालन नगरी भाडा मात्र तिरेको १२ वटा को मुद्दा चलेको १०-१२ वर्ष देखि एउटै Company ले Stall संचालन गरेको विषयमा आवश्यक छानविन गरी दोषीलाई कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गर्ने ।<br>● VIP, मापदण्ड के हो, निर्दिष्ट गरी VIP Passenger लाई पनि अनिवार्य Checking को व्यवस्था मिलाउने<br>● Loader हरु करारमा नराख्ने ।<br>● TIA को सेवालाई Specialized Service Group को रुपमा हेरी भन्सार, अध्यागमन र सुरक्षा निकायका कर्मचारीलाई सोही अनुसार परिचालन गर्ने ।<br>● TIA परिसरभित्र एक प्रयोजनको लागि निर्माण भएको भवन अर्को प्रयोजनमा लगाएको वुझिएको हुँदा सो वारे सत्यतथ्य एकिन गरी TIA का महाप्रवन्धकले समितिलाई १५ दिन भित्र जानकारी दिने ।<br>● TIA पूर्वाधार विस्तार आयोजनाको प्रगति विवरण १५ दिन भित्र समिति समक्ष पेश गर्ने र समितिले अध्ययन पश्चात आवश्यक निर्देशन जारी गर्ने ।<br>● TIA मा Taxi Parking लाई व्यवस्थित गर्ने ।<br>● भावी कार्यक्रमः देहाय वमोजिमको कामहरु भावी योजनामा राखेर कार्यन्वयन गर्नुपर्ने ।<br>● विधि र प्रविधिमा सुधार ल्याउन Digitalization लाई उच्च प्राथमिकता दिने ।<br>● Golf Course लाई समेत समेटी TIA को विस्तार गर्ने ।<br>● Runway Area विस्तार गर्ने ।<br>● TIA को लागि छुट्टै एकीकृत जनशक्ति तयार गरी सोही वमोजिम परिचालन गर्ने ।<br>● नेपाल प्रहरीको दरवन्दी वढाउने ।<br>● सुरक्षा निकायलाई सुविधा सहितको Barrack को व्यवस्था मिलाउने।<br>● प्रविधिमा आधारित सुरक्षा व्यवस्था अवलम्वन गर्ने ।<br>● TIA को अहिलेको अवस्थाले हवाई जहाज र यात्रुको चापलाई धान्न नसक्ने |

| | |
|---|---|
| | देखिएकोले द्रुतगतिमा अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने ।<br>●<br>● सरकारी सवारी साधनको उपयोग सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदनमाथि व्यापक छलफल गरी परिमार्जन सहित समितिबाट सर्वसमितिले पारित गरियो ।<br>● पारित भएको समितिको प्रतिवेदनमा रहेको निश्कर्ष तथा सिफारिस निम्नानुसार रहेको छ ।<br>**सुझाव तथा निष्कर्ष**<br>● नेपाल सरकारसंग भएका सवारी साधनको अवस्था, विवरण, तथ्य र तथ्याङ्क एकीकृत रुपमा नभएकोले केन्द्रिय स्तरमा नै राष्ट्रिय योजना आयोगको पहलमा केन्द्रिय तथ्याङ्क विभागले ल्बतष्यलबर्ा ब्अअयगलतक मा प्रतिनिधित्व हुने गरी अध्यावधिक तथ्यांक राख्ने । यसको लागि नेपाल सरकारका सम्पूर्ण निकाय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले केन्द्रीय तथ्याङ्क विभागलाई विवरण उपलव्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने ।<br>● सवारी साधन परिचालन सम्वन्धमा विगतमा भएको संस्थागत संरचना उदाहरणको लागि केन्द्रीय सेवा विभाग जस्तै निकाय खडा गरी सवारी साधनको व्यवस्थापन, परिचालन, नियन्त्रण र अनुगमन गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने।<br>● कुन, कुन पदाधिकारीले कस्तो प्रकारको सवारी साधन कतिवटा प्रयोग गर्न पाउने स्पष्ट मापदण्ड वनाई लागु गर्न नेपाल सरकारलाई निर्देशन दिने।<br>● अनाधिकृत रुपमा सवारी साधन प्रयोग गरेका पदाधिकारीलाई सवारी साधन प्रयोग गर्न नदिने व्यवस्थाको लागि नेपाल सरकारका सवै मन्त्रालयलाई निर्देशन दिने र सो को प्रतिवेदन ३० दिनभित्र सम्वन्धित मन्त्रालयले समितिलाई जानकारी दिने ।<br>● नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीले एउटा मात्र सवारी साधन प्रयोग गर्ने।<br>● कार्यालय प्रमुख र अत्यावश्यकीय सेवामा खटिने वाहेक अन्य उपसचिव स्तर र सो भन्दा मुनिका कर्मचारीले चार पाँग्रे सवारी साधन प्रयोग नगर्ने ।<br>● सरहका पदाधिकारी (मन्त्री सरह/ राज्यमन्त्री सरह/सहायक मन्त्री सरह/सचिव सरह) लाई सवारी साधन नदिई सो वापत मासिक एकमुष्ट रकम उपलव्ध गराउने व्यवस्था मिलाउने ।<br>● नेपाल सरकारका मन्त्रीहरुलाई गृह मन्त्रालयले मात्र सवारी साधन उपलव्ध गराउने । सम्वन्धित मन्त्रालयले थप सवारी साधन उपलव्ध नगराउने ।<br>● सुरक्षा र सामरिक दृष्टिकोणले संवेदनशिल निकाय तथा संस्थाको वाहेक निजी |

| | |
|---|---|
| | नम्वर प्लेटमा परिवर्तन भएका सवारी साधनलाई तुरुन्त सरकारी नम्वरमा परिवर्तन गर्ने ।<br>● मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने सवारी साधनलाई यथाशिघ्र मर्मत सभार गरी चालु अवस्थामा राख्ने र यदि भाडामा सवारी साधन लिइएको भए तुरुन्त फिर्ता गर्ने ।<br>● लिलाम गर्नुपर्ने भनी सम्वन्धित मन्त्रालयबाट समितिलाई जानकारी गराइएका सवारी साधन तुरुन्त लिलामको प्रक्रियामा लगि सोको विवरण ३ महिना पछि समितिलाई जानकारी दिने ।<br>● आयोजना/परियोजना लगायत कुनै खास प्रयोजनको लागि भनी खरिद गरिएको वा दातृ निकायबाट प्राप्त भएको सवारी साधन मन्त्री वा सचिवले प्रयोग गरेको पाइएमा सो को अभिलेख प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य राख्ने ।<br>● एक पदाधिकारी एक सवारी साधनको नीतिलाई सवै सरकारी निकायले पालना गर्ने ।<br>● उप समितिलाई प्राप्त भएको आंकडालाई पत्यारिलो मान्न नसकिने हुँदा सरकारी सवारी साधनको आँकडा संकलन गर्न गृह मन्त्रालयले आवश्यक पहल गर्न निर्देशन दिने ।<br>● तदर्थ प्रकृतिको तथा तदर्थ रुपमा गठन भएका संस्था/निकाय/आयोजनाका लागि नीजि क्षेत्रबाट सवारी साधन भाडामा लिएर काम गर्ने ।<br>● पारित भएको दुईटै समितिको प्रतिवेदनमा रहेको निश्कर्ष तथा सिफारिस सवै मन्त्रालयमा पठाउने निर्णय भयो । |
| २०७४/२/७ | ● सार्वजनिक खरिद ऐन छल्दै मन्त्रिपरिषदबाट निर्णय गराई भारतीय कम्पनीबाट एलईडी बल्ब खरिदका विषयमा सूचना प्रकाशन तथा प्रचार भएको सम्वन्धमा र उर्जा सम्वन्धी समसामयिक विषयमा छलफल तथा जानकारी लिन उपभोक्ता मञ्चका श्री प्रेमलाल श्रेष्ठ, कान्तिपुर पत्रिकाका श्री विकास थापा र उर्जा विज्ञ श्री ज्ञानेन्द्रलाल प्रधानलाई आमन्त्रित गराई उहाँहरुसंग उक्त विषयमा छलफल गरियो । उहाँहरुलाई समितिको तर्फबाट धन्यवाद ज्ञापन दिइएको । |
| २०७४/३/२६ | वैठकमा सुशासन प्रवर्द्धन कार्यमा समिति र स्थानीय तहको सहयोग र सहकार्य सम्वन्धी छलफल गर्न काठमाडौं, ललितपुर र भक्तपुरका मेयर र उपमेयरलाई आमन्त्रित गरी उहाँहरुसंग उक्त विषयमा छलफल गरियो । उहाँहरुलाई समितिको तर्फबाट धन्यवाद ज्ञापन दिइएको । |

## निर्णयको कार्यान्वयन मूल्याङ्कन तथा उजुरी व्यवस्थापन उपसमिति

| | |
|---|---|
| २०७४।१।३ | ● उपसमितिमा प्राप्त दर्ता नं. १०२ र १०४ को उजुरीका सम्वन्धमा छलफल हुँदा यो विषय गंभिर प्रकृतिको देखिएको र नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार) ले विभिन्न मितिमा जफत र अधिग्रहण गरी लिएको ललिता निवास वालुवाटार (हाल नेपाल राष्ट्र बैंक र प्रधानमन्त्री निवास समेत) को हजारौ रोपनी जग्गा मध्ये राजनीतिक व्यक्तिहरु (भरत शम्शेर समेत) को अंश भागमा परेका केही जग्गाहरु नेपाल सरकार (म.प.) को निर्णयबाट फिर्ता दिने निर्णय भएको भएतापनि मुआव्जा समेत दिई अधिग्रहण गरेका सम्पूर्ण जग्गाहरु (अधिग्रहण गरेका जग्गाहरु समेत) नेपाल सरकारको अधिन र प्रयोगमा नै रहनु पर्नेमा विभिन्न व्यक्ति विशेषले दर्ता गर्ने धृष्टता गरेको, प्रयोग गरिरहेको र नेपाल सरकारका सम्वन्धित निकायहरु नै (मालपोत कार्यालय समेत) निस्कृय र गलत प्रभावमा परेको पनि देखिन सक्ने परिस्थिति भएकोले पूर्ण समितिवाटै अझ वढी बुझी अनुसन्धान गरी गराई यस सरकारी तथा सार्वजनिक जग्गाको सुरक्षा र संरक्षण हुन उचित हुने देखि समिति समक्ष पेश गर्ने निर्णय भएको ।<br>● ध्रूवप्रसाद लिगलको मिति २०७३।११।२६ दर्ता नं. १०३ को एभरेष्ट होटल इन्टरनेश्नल लि.सम्वन्धी उजुरीका सम्वन्धमा छलफल हुँदा उक्त विषयमा विस्तृत रुपमा छलफल गरी निर्णयमा पुग्न समिति समक्ष सिफारिस गर्ने निर्णय भएको । |

## सरकारी तथा गैर सरकारी क्षेत्रबीचको सम्बन्ध तथा भूमिका व्यवस्थापन उपसमिति

| | |
|---|---|
| २०७४।१।८ | ● १. वैठकले उपसमितिको संयोजकमा मा.श्री जनक राज जोशीलाई सर्वसम्मतीले चयन गर्‍यो ।<br>● २. उपसमितिको कार्यविधि तयार गर्न समिति सचिवालयलाई जिम्मेवारी दिइयो।<br>● ३. वैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको निर्वाचन कार्यका लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने र उक्त निर्वाचनका सन्दर्भमा विभिन्न संघ/संस्थाबाट गरेको खर्चको अनुगमन गर्नको लागि समितिका इच्छुक माननीय सदस्यहको नामावली सहित निर्वाचन आयोगमा लेखि पठाउने सम्वन्धमा समितिमा छलफलको लागि सिफारिस गर्ने निर्णय भएको । |
| २०७४।२।२६ | ● राजनैतिक परिवर्तन संगै मुलुकले प्राप्त गरेको उपलव्धीहरुलाई संस्थागत गर्दै राष्ट्र निर्माणमा सरकारी, गैर सरकारी संस्था र नीजि क्षेत्रको उत्तिकै महत्व हुने भएकोले तिनीहरुको स्पष्ट सिमांकन गरी आ-आफ्नो क्षेत्रबाट नेतृत्वदायि भूमिका निर्वाह गर्नुपर्ने ।<br>● गैर सरकारी क्षेत्र र सरकारी क्षेत्रसंग अन्तरक्रिया गरी सरकारी र गैर सरकारी क्षेत्र वीचको सेतुको रुपमा समितिले भूमिका निर्वाह गर्ने । गैर सरकारी क्षेत्रहरु संग कसरी, |

| | |
|---|---|
| | कुन कुन क्षेत्रमा सहकार्य गर्ने हो सोको लिखित प्रतिवद्धता माग गर्ने ।<br>● गैर सरकारी संस्थाले गर्नुपर्ने कार्य क्षेत्र (संघ, प्रदेश र स्थानीय तह) को के, कति र कुन/ कुन उद्देश्यका लागि कार्य गर्ने हो तिनको अन्तर सम्वन्ध केलाउने ।<br>● मुलुकमा हाल संचालनमा आएका गैर सरकारी क्षेत्रहरु जसरी अगाडी वढिरहेको छ ती निकायका सम्वन्धमा अध्ययन गर्न समितिले नै वृहत छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गर्न उपयुक्त देखिएकोले यसको लागि गैर सरकारी क्षेत्रहरुको कार्यक्षेत्र, तिनीहरुको उद्देश्य सहितको विवरण संख्या प्राप्त गर्न सम्वन्धित निकायलाई लेखि पठाउने निर्णय भएको । |

## उद्योग वाणिज्य तथा उपभोक्ताहित सम्वन्ध समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७४।१।८ | ● उपभोक्ता संरक्षण ऐन, २०७३ को विधेयका सम्वन्धमा हालको अवस्था, विधेयकमा समेटिएका उपभोक्ताका सवालहरु, उपभोक्ता अधिकार संम्वन्धी संयुक्त राष्ट्रसंघीय दिग्दर्शन साथै विधेयकमा गरिनुपर्ने सुधारहरुका सम्वन्धमा अधिवक्ता ज्योति वाँनियाले प्रस्तुतिकरण गर्नुभयो । |
| २०७४।२।३१ | ● सार्वजनिक संस्थानहरुमा नेपाल सरकारको करिव ४ खर्व शेयर तथा ऋण लगानी रहेको साथै नेपाल सरकार कार्य विभाजन नियमावली बमोजिम सार्वजनिक संस्थानहरुलाई व्यवस्थित तवरले सञ्चालन गर्ने, गराउने दायित्व अर्थ मन्त्रालयको रहेको तर्फ ध्यानाकर्षण गराउदै सरकारी स्वाभित्वका सार्वजनिक संस्थानहरुलाई तिनको स्थापनाको उद्देश्य, कारोवारमा एकाधिकार वा प्रतिस्पर्धाको अवस्था, कारोवारको प्रकृति, आम्दानीको क्षेत्र, सर्वसाधारणलाई पुऱ्याउनुपर्ने सेवा जस्ता आधारमा सम्वन्धित मन्त्रालयको समन्वयमा सार्वजनिक संस्थानहरुलाई सेवामूलक वा नाफामूलक के, कस्तो प्रकृतिको सार्वजनिक संस्थान हो ? अभिलम्व स्पष्ट रुपमा परिभाषित गर्न साथै कम मूल्यमा खरिद गरी उपभोक्तालाई वढि मूल्यमा विक्री वितरण गर्ने र संस्थानको नाफा भनी वासलात एवं वित्तिय विवरण तयार गरी बोनस लिने, दिने कार्य माथि नियन्त्रण गर्न आवश्यक कानूनी व्यवस्था तत्काल मिलाउन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>● महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७३ मा नेपाल आयल निगमले छुट्यायको बोनस रकमलाई बोनस वितरण गर्न नमिल्ने अवस्था हुँदा हुँदै छुट्याउनु मनासिव देखिदैन भनि प्रतिवेदन गरेको अवस्था साथै संसदीय समितिले उक्त रकमलाई इन्धन भण्डारण क्षमता विस्तारमा लगाउन निर्देशन गरिसकेको अवस्थामा बोनस छुट्याइएको रकम पूर्वाधार विकासमा लगाउन आपूर्ति मन्त्रालय र नेपाल आयल निगमलाई निर्देशन दिने निर्णय भयो । |
| २०७४।३।५ | ● उपसमितिले आगामी बैठकहरुमा छलफल गर्नुपर्ने विषयहरु सम्बन्धमा माननीय |

| | |
|---|---|
| | सदस्यहरुबीच आन्तरिक छलफल हुँदा उपत्यकाको ट्राफिक तथा सवारी व्यवस्थापन सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा, काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकासँग २०७४।३।७ गते बैठक बस्ने निर्णय भयो । |
| २०७४।३।७ | • काठमाडौं उपत्यकामा सार्वजनिक सडक, ट्राफिक संकेत, जेब्रा क्रसिङ्गजस्ता सार्वजनिक यातायातका विषयमा आम उपभोक्ताहरुले भोग्नुपरेको असुविधालाई तत्काल हटाई सडकको गुणस्तर कायम गर्न, फ्लाइओभर वा अण्डरपासको व्यवस्था गरी चोकको व्यवस्थापन गर्न, ठूला सवारी साधन व्यवस्थित तवरले सञ्चालन गर्न गराउन, पार्किङ्गको व्यवस्थापन गर्न, साना सवारी साधन आयातलाई निरुत्साहित गर्न, सडक ट्राफिक संकेतहरुको दुरुस्त सञ्चालन गर्न, आवश्यक जनशक्तिको परिपूर्ति र परिचालन गर्न, अनुगमन र नियमनकारी भूमिकामा रहेका विभागहरुले आफ्ना जिम्मेवारी निर्वाह गर्न गराउन र कामकारवाहीहरु प्रभावकारी रुपले सञ्चालन गर्न र सार्वजनिक यातायात नीति अविलम्ब जारी गर्न भौतिक योजना तथा यातायात मन्त्रालय र अन्तरगतका विभाग साथै महानगरीय ट्राफिक प्रहरी महाशाखालाई निर्देशन दिने ।<br>• सार्वजनिक यातायात क्षेत्रमा देखिएका नीतिगत समस्याहरु सम्बन्धमा आगामी बैठकहरुमा सम्बन्धित निकायहरुसँगको छलफललाई निरन्तरता दिने । |
| २०७४।३।८ (पहिलो बैठक) | • साल्ट ट्रेडिङ्ग कर्पोरेशन, नेशनल ट्रेडिङ्ग लिमिटेड, खाद्य संस्थान लगायतका संस्थानहरुलाई उपलब्ध गराउन बाँकी सम्पूर्ण शोधभर्ना रकम मन्त्रिपरिषद्को निर्णय वा मन्त्रीस्तरीय निर्णय वा मुख्य सचिवको अध्यक्षतामा भएको बैठकका निर्णयका आधारमा भएको सहुलियत पसल सञ्चालन भएको भएतापनि यथार्थ बिक्रिवितरण र संस्थानलाई भएको नोक्सानवापत दिनुपर्ने शोधभर्ना रकम एकिन गरी तत्काल शोधभर्ना उपलब्ध गराउन अर्थ मन्त्रालयलाई पुनः निर्देशन दिने । अब आयन्दा मन्त्रालयले सहुलियत पसल सञ्चालन गर्ने निर्णय गर्दा अर्थ मन्त्रालयसहितको राय सुझाव र परामर्शमा मात्रै नीतिगत निर्णयहरु लिन आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।<br>• साल्ट ट्रेडिङ्ग कर्पोरेशनको जस्तापाता सम्बन्धमा बिक्री गर्ने चालु प्रकृया अविलम्ब टुङ्ग्याउन आपूर्ति मन्त्रालयलाई निर्देशन दिने । |
| २०७४।३।८ (दोस्रो बैठक) | • नेपाली उद्योगी व्यवसायीहरु मार्फत सञ्चालन हुने एल.पि.जि. ढुवानी बुलेट सञ्चालनका लागि भारतीय सम्बन्धित निकायहरुबाट प्राप्त हुनुपर्ने अनुमति लामो समयसम्म प्राप्त हुन नसकेको देखियो । दुई देश बीचमा रहेको असल सम्बन्धका आधारमा नेपालले विगत वर्षहरु देखि नै भारतबाट पेट्रोल, डिजेल, हवाइ इन्धन र एल.पि.ग्याँस आयात गरिरहेको सन्दर्भमा आपूर्ति मन्त्रालयसँगको समन्वयमा नेपाल सरकार परराष्ट्र मन्त्रालयले प्रभावकारी कुटनीतिक पहल गरी भारतीय आयल निगमबाट एल.पि.जि. ढुवानी गर्ने बुलेट सञ्चालन अनुमतिका लागि आवश्यक पर्ने अनुमति लिइ दिने कार्यमा कुटनीतिक सहजीकरण गरिदिने कार्य गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने । |

| | |
|---|---|
| | • बुलेट सञ्चालन गर्न अनुमति लिने कार्यमा आवश्यक सबै प्रकारका पहलहरु समन्वयात्मक र प्रभावकारी रुपले सम्पादन गर्न आपूर्ति मन्त्रालय र नेपाल आयल निगमलाई निर्देशन दिने ।<br>• यस सम्बन्धमा उपसमितिले नियमित रुपले प्रगति बुझ्ने र समन्वयात्मक कार्य गर्ने निर्णय भयो । |

## कृषि तथा जलस्रोत समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७४।०२।२७ | • व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठक वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिबाट तयार गरिएको मस्यौदा प्रतिवेदन पेश गर्न आज मिति २०७३।१२।१७ गते समितिका सभापति माननीय श्री मोहनप्रसाद बरालको सभापतित्वमा बस्यो ।<br>• आजको बैठकमा वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिका सदस्य मा. श्री निर्मलप्रकाश सुवेदीले उपसमितिद्वारा तयार गरिएको समितिको वार्षिक प्रतिवेदनको मस्यौदा प्रतिवेदन पेश गर्नुभयो । |
| २०७४।०२।२८ | • देशकै ठूलो जलाशययुक्त बूढीगण्डकी जलविद्युत आयोजना निर्माणका सम्बन्धमा समितिले पटक पटक स्वदेशी श्रोत उपयोग गरी निर्माण गर्न भनि निर्देशन दिएतापनि सरकारले निर्माण विधि तय गरी आयोजना अघि बढाएको छ । विद्युत उत्पादन, प्रशारण र वितरणका लागि सरकारले छुट्टाछुट्टै कम्पनि खडा गरी काम अघि बढाएको छ ।<br>• समग्र जलश्रोतको एकिकृत विकासका लागि जलश्रोत नीति तथा एकिकृत जलश्रोत ऐन, विद्युत् नियमन आयोग ऐन लगायतका ऊर्जासँग सम्बन्धित कानुन निर्माण गर्न समितिले पटक पटक निर्देशन दिएको र मन्त्रालयले पनि पटक पटक समय तोकी विधेयक पेश गर्ने प्रतिवद्धता जनाएतापनि प्रस्तुत हुन नसकेबाट सरकारको विश्वसनीयतामा समेत असर परेको छ । साथै, जल तथा ऊर्जा आयोगको भूमिकालाई प्रभावकारी बनाई कानुन प्रदत्त व्यवस्थाहरु कार्यान्वयनमा लैजान सक्षम बनाउनु पर्ने देखिन्छ । समितिबाट पटक पटक निर्देशन भए बमोजिम सरकारबाट हालसम्म विद्युत ऐन संसद समक्ष पेश नभएकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।<br>• यसको अतिरिक्त, विदेशबाट आयात हुने कृषि एवं पशुजन्य खाद्यवस्तुहरुको क्वारेन्टाइन परीक्षण गर्ने विद्यमान परिपाटीबाट क्वारेन्टाइन नियन्त्रित गर्न सकिने अवस्था देखिँदैन । त्यसकारण क्वारेन्टाइन कार्यालयलाई आवश्यक प्रविधि तथा प्राविधिकयुक्त बनाई गुणस्तरीय रुपमा क्वारेन्टाइन परीक्षण गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ । |

- कृषि अनुसन्धानका सन्दर्भमा यस परिषद्को महत्वपूर्ण भूमिका भएतापनि ज्यादा राजनैतिक/सरकारी हस्तक्षेपका कारण यस परिषद्को नेतृत्व स्थिर हुन नसकेको र परिषद्का लागि आवश्यक न्यूनतम बजेटको अभावमा अनुसन्धानमूलक कार्यमा बाधा पुग्न गएको विषयमा समितिको ध्यानाकर्षण भएको छ । तसर्थ, अनुसन्धान तथा विकास जस्ता कार्यमा आवश्यक बजेट विनियोजन गर्नुपर्ने देखिन्छ ।

- व्यवसायिक पशुपालनको विकास भैरहेको भएतापनि सो को अनुत्पादक उपज जस्तै थारो गाई, भैसी, वाखा तथा गोरु, पाडा लगायतका पशुहरुको व्यवस्थापनका सम्बन्धमा नीति तर्जुमा गर्नुपर्ने देखिन्छ ।

- भूमि सम्बन्धी व्यवस्थापनका लागि भूमि नीति तथा भू-उपयोग ऐन ल्याउन ल्याउन समितिले पटक पटक सरकारलाई निर्देशन दिएकोमा हालसम्म सो नीति तथा विधेयक प्रस्तुत हुन सकेको छैन । भूमिको जथाभावी प्रयोग भै भूमिको उपयुक्त प्रयोग हुन कानूनी बन्देज नभएको कारण खेतीयोग्य जमिनमा घर घडेरी निर्माण हुने क्रम बढ्दै गएको छ । यसको नियन्त्रणका लागि भू-उपयोग नक्सा निर्माण गर्ने काम शिघ्रातिशीघ्र सम्पन्न गरिनु पर्दछ ।

- अन्तमा, संसदीय समितिहरुले सरकारलाई दिने कतिपय निर्देशनहरु पूरै कार्यान्वयनमा नजाने, कतिपय आंशिक कार्यान्वयनमा जाने प्रवृत्ति देखिएको हुँदा व्यवस्थापिका-संसद नियमावली, २०७३ ले दिएको अधिकार प्रयोग गरी सम्बद्ध मन्त्रालय तथा निकायहरुद्वारा सम्पादित क्रियाकलापहरुको सुक्ष्म रुपमा अध्ययन, अवलोकन, अनुगमन एवं मूल्याङ्कन गरी गरिएका सिफारिश, सुझाव, निर्देशनहरुलाई मन्त्रालय एवं सम्बद्ध निकायहरुले कार्यान्वयनमा ल्याई सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन मद्दत पुग्न जाने देखिन्छ । उल्लिखित नियमावलीको व्यवस्थाले समिति/संसदले दिएका सुझाव निर्देशनहरुको कार्यान्वयन गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । त्यसरी सम्बन्धित मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुलाई दिएको निर्देशनको कार्यान्वयन सम्बन्धमा मन्त्रालयले कुनै प्रयास नगरेमा व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८२ बमोजिम व्यवस्थापिका-संसदमा छलफल गर्ने प्रस्ताव पेश गर्न सक्ने व्यवस्था रहेको छ । यसबाट पनि समितिका सुझाव, निर्देशनहरुको सरकारका तर्फबाट कार्यान्वयन गर्नैपर्ने कानूनी प्रावधान रहेको तर्फ समेत सबै मन्त्रालयको ध्यानाकृष्ट हुनुपर्ने देखिन्छ ।

- तत्पश्चात् व्यवस्थापिका-संसदको मिति २०७३।०७।०९ मा बसेको बैठकबाट दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने निर्णय भए बमोजिम विधेयक शाखाबाट मिति २०७३।०९।०१ मा प्राप्त हुन आएको पशु चिकित्सा परिषद् (पहिलो संशोधन) ऐन, २०७२ लाई तत्कालिन सम्माननीय प्रधानमन्त्री/पशुपंक्षी विकास मन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डबाट व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १३७ को उपनियम (२) बमोजिम फिर्ता लिने अनुमतिका लागि पत्र प्राप्त भएकोमा सोही व्यहोराको प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो ।

| | |
|---|---|
| २०७४।०३।१८ | ● बुढीगण्डकी जलविद्युत आयोजनाको निर्माण विधि, कर्णाली अञ्चलको तिला जलविद्युत आयोजनाको एयधभच एगचअजबकभ ब्नचभभ्रूभलत ९एएब्ठ, त्रिशुली, देवीघाट र कुलेखानी जलविद्युत आयोजना क्षेत्रमा सौर्य ऊर्जा जडान, जलविद्युत आयोजनाको लाइसेन्स खारेजी र वितरण, नेपाल विद्युत प्राधिकरणद्वारा खरिद गर्न लागिएको LED Bulb लगायतका विषयमा ऊर्जा मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्याय, अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदी, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री कमलशाली घिमिरे, सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव श्री विनोद के.सी. र नेपाल विद्युत प्राधिकरणका प्रमुख श्री कुलमान घिसिङ्गले समितिलाइ जानकारी गराउनु भयो ।<br>● विश्व बैंकको सहयोगमा त्रिशुली, देवीघाट र कुलेखानी जलविद्युत आयोजना क्षेत्रमा सौर्य ऊर्जा जडान गर्ने कार्यसँग सम्बन्धित देहाय बमोजिमको विवरणहरु पाँच दिन (५ दिन) भित्र उपलब्ध गराउन माग गर्ने :<br>● बोलपत्र सम्बन्धी कागजात,<br>● बोलपत्र मूल्याङ्कन प्रतिवेदन,<br>● बोलपत्रको स्वीकृति र खरिद सम्झौता र<br>● सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (१) खण्ड (ख) बमोजिमको प्रकृया ।<br>● उल्लिखित विवरणहरु प्राप्त भएपछि छलफलका लागि "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र र कार्ययोजना, २०७२ कार्यान्वयन सहजीकरण तथा अनुगमन उपसमिति" मा पठाउने । |

## अर्थ समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७४/०१/११ | ● समितिमा प्राप्त "संघीय आकस्मिक कोषको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३" का सम्बन्धमा विस्तृत छलफल गरी देहाय बमोजिम संशोधन गर्ने र सोही व्यहोराको प्रतिवेदन तयार पारी व्यवस्थापिका-संसदको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>● मूल विधेयकको दफा १ मा संशोधन : मूल विधेयकको दफा १ को उपदफा मा रहेको "संघीय आकस्मिक कोष ऐन, २०७३" भन्ने शब्दहरुको सट्टा "संघीय आकस्मिक कोष ऐन, २०७४" भन्ने शब्दहरु राख्ने ।<br>● मूल विधेयकको दफा २ मा संशोधन : मूल विधेययकको दफा २ को खण्ड (क) मा रहेको "लगायत अन्य" भन्ने शब्दहरुको सट्टा "लगायतका" भन्ने शब्द राख्ने ।<br>● मिति २०७३।११।१७ गते गठित "बैंकिङ्ग तथा वित्तीय संस्था सम्बन्धी उपसमिति"को म्याद सकिएको भनी म्याद थपका लागि उपसमितिका संयोजकले |

| | |
|---|---|
| | अनुरोध गर्नु भएकोले उक्त उपसमितिको म्याद, म्याद सकिएको मितिदेखि २ महिना थप गर्ने निर्णय गरियो ।<br>● "बैंकिङ्ग तथा वित्तीय संस्था सम्बन्धी उपसमिति"मा रहनु भएका माननीय सदस्य श्री रेवतीरमण भण्डारीको सट्टा समितिका माननीय सदस्य श्री केशवप्रसाद बडाललाई उक्त उपसमितिमा सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो । |
| २०७४/०१/१२ | ● समितिमा प्राप्त बोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको विधेयक २०७३ को सम्बन्धमा विस्तृत छलफल भयो । |
| २०७४/०१/१५ | ● समितिमा प्राप्त बोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको विधेयक २०७३ को सम्बन्धमा विस्तृत छलफल गरी तयार पारिएको विधेयक प्रतिवेदन व्यवस्थापिका-संसदको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो । |
| २०७४/०२/११ | ● समितिका माननीय सदस्यहरुबाट समितिको बैठकमा आगामी बजेटका सम्बन्धमा प्रस्तुत गर्नु भएका विषयवस्तु र सुझावहरुलाई समिति सचिवालयले व्यवस्थित गर्ने र ती विषयवस्तु र सुझावहरुलाई आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी कार्यान्वयन गर्नको लागि नेपाल सरकार अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई लेखी पठाउने निर्णय भयो । |
| २०७४/०२/२३ | ● बैठकमा सहकारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ सम्बन्धी उपसमितिले सो विधेयक सम्बन्धमा तयार पारेको प्रतिवेदन उपसमितिका संयोजक माननीय श्री भरतमोहन अधिकारीले समिति समक्ष पेश गर्नु भयो । साथै उक्त प्रतिवेदन अध्ययनका लागि समितिका माननीय सदस्यहरुलाई बितरण गरियो । |
| २०७४/०२/२४ | ● सहकारी सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ माथि दफावार छलफल गरी उपसमितिले तयार पारेको प्रतिवेदनमाथि विस्तृत छलफल गरियो । |
| २०७४/०२/२७ | ● सहकारी सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ सम्बन्धी उपसमितिले पेश गरेको प्रतिवेदन संशोधन सहित पारित गरियो । सोही अनुसारको प्रतिवेदन तयार पारी व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय गरियो । |
| २०७४/०३/०१ | ● कर फछ्र्यौट आयोग ऐन, २०३३ लाई समयानुकूल बनाउन तत्काल संशोधन प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयलाई निर्देशन दिने,<br>● अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कर छुट र कर असूलीमा भएको अनियमतता सम्बन्धमा भइरहेको अनुसन्धानबाट देखिएका दोषी व्यक्तिहरु तथा संघ संस्थाहरुलाई कडाभन्दा कडा कारवाही गर्न र राजस्व छली भएको रकम तत्काल असूल उपर गर्न सम्बन्धित निकायलाई निर्देशन दिने, |

| | |
|---|---|
| | ● नेपालको कर क्षमताको अध्ययन गरी कर क्षमता पत्ता लगाउन, कर प्रणालीमा रहेको कर निर्धारण, कर असूली, कर फछ्र्यौटलाई समयानुकूल सुधार गर्न यथाशीघ्र कार्य अगाडी बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● आन्तरिक राजस्व विभागबाट दिने गरिएको राजस्व मिनाहाको कामलाई स्थगित गरी राजस्व उठाउन बाँकी रहेको रकम तत्काल असूल उपर गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● राजस्व बक्यौता मिनाहा वा कर फछ्र्यौट सम्बन्धी स्पष्ट मापदण्ड र निर्देशिका तयार गरी अर्थ समितिमा पठाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● कुनै व्यक्ति संघ संस्था वा व्यवसायीबाट कर चुहावट हुन नसक्ने गरी आधुनिक र वैज्ञानिक संयन्त्र निर्माण गरी कर असूली गर्ने र कर असूलीलाई व्यवस्थित र नियमित गर्न नियमित अनुगमन र मूल्याङ्कनको भरपर्दो संयन्त्र बनाई काम अगाडि बढाउने,<br>● लामो  समयसम्म एउटै निकायमा बसी रहने कर्मचारीहरुलाई निजामती सेवा ऐन नियममा व्यवस्था भए अनुसार सेवा अवधि पूरा भएका सम्पूर्ण कर्मचारीहरुको आन्तरिक सरुवा गर्ने र लामो समयसम्म ऐन कानून र मापदण्ड विपरित काजमा राख्ने प्रचलनलाई व्यवस्थित गर्ने,<br>● आन्तरिक राजस्व विभाग र अन्तरगत कार्यालयमा कार्यरत कर्मचारीहरुको आचार संहिता २०६५ बमोजिम आचार संहिता पालना गराउन वा प्रचलित कानूनको बर्खिलाप हुन नदिन अर्थ सचिवबाट मासिक अनुगमन गरी अर्थ मन्त्रालयमा प्रतिवेदन दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने । |
| २०७४/०३/२९ | ● वैदेशिक रोजगारीमा औपचारिक रुपमा विभिन्न देशहरुमा गएका करीब ४० लाख जनशक्तिले श्रम गरी आर्जन गरेको रकमलाई बैंकिङ्ग प्रणालीबाट स्वदेशमा ल्याउन अर्थ मन्त्रालयले श्रम मन्त्रालय र नेपाल राष्ट्र बैंक लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वय कायम गरी स्पष्ट नीति र मापदण्ड तयार गरी लागू गर्न निर्देशन दिने,<br>● वैदेशिक रोजगारीमा गएका कामदारहरुलाई स्वदेशमा बाणिज्य बैंकहरुमा अनिवार्य रुपमा विप्रेषण खाता र परिवारको नाममा खाता खोल्न लगाई उनीहरुबाट आर्जित रकम सम्बन्धित मुलुकको बैंकहरु मार्फत जम्मा हुने व्यवस्था गर्ने र जम्मा भएको रकम सहज, सरल र सुरक्षित तरिकाले प्राप्त गर्ने व्यवस्था मिलाउनका लागि आवश्यक नीति तयार गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● वैदेशिक रोजगारीका लागि विदेश जाने कामदारहरुसँग श्रम सम्झौता गर्दा बैंकिङ्ग प्रणालीबाट अनिवार्य रुपमा रकम पठाउने सम्झौता गर्ने र त्यसरी बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने निश्चित रकम सम्बन्धित व्यक्तिको इच्छानुसार निश्चित रकमलाई निश्चित ब्याजदर दिने गरी मासिक रुपमा “विप्रेषण कोष” मा जग्गा |

| | |
|---|---|
| | गर्ने गरी "विप्रेषण कोष" स्थापना गर्ने र सरकारले सो रकम निजको इच्छानुसारको क्षेत्रमा लगानीको अवसर दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● बैंकिङ्ग प्रणाली मार्फत रकम पठाउनको लागि जनचेतना र प्रचार प्रसार जस्ता कार्यक्रम संचालन गर्नुका साथै बैंकिङ्ग प्रणालीबाट रकम भित्रयाउदा हुने असुविधा र झन्झटलाई सरलीकरण गरी सेवा शुल्क, विनिमय दर र बैंकहरुले लिने कमिशनमा पुनरावलोकन गरी आवश्यक छुट दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● रोजगारीमा गएका व्यक्ति विदा वा अन्य समयमा नेपाल आएर पुनः विदेश जाँदा विमानस्थल वा भन्सार नाकाहरुमा बैंकिङ्ग प्रणालीबाट विप्रेषणको रकम नेपाल पठाएको प्रमाण पेश गरे पछि मात्र वैदेशिक रोजगारीमा जाने अनुमती दिने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● नेपालबाट वैदेशिक रोजगारीमा जाने र फर्कने कामदारहरुको पूर्ण विवरण राख्ने र त्यसलाई अद्यावधिक गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● हाल दक्षिण कोरिया जाने कामदारहरुलाई सिप विकास केन्द्र, भैसेपाटीबाट दिइने अभिमुखीकरण तालिममा नेपालको बैंकिङ्ग तथा रेमिटेन्स प्रणाली र कोरियाको बैंकिङ्ग तथा रेमिटेन्स प्रणाली तथा सुरक्षा सम्बन्धी अलग अलग कक्षा राखी विस्तृत रुपमा प्रशिक्षण गराउने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।<br>● औपचारिक बैंकिङ्ग प्रणालीबाट विप्रेषण भित्रयाउन सम्बन्धित देशमा रहेका नेपाली श्रम सहचारी तथा राजदुतावासको पनि सहयोग लिने व्यवस्था मिलाउने गरी आवश्यक नीति तयार गर्ने,<br>● विदेशबाट हुण्डी मार्फत गैह्र कानूनी रुपमा रकम पठाउने कार्य कानून विपरित भएको र यसरी कुनै व्यक्तिले हुण्डी मार्फत रकम पठाएको प्रमाणित भएमा रकम पठाउने व्यक्ति र हुण्डीको कारोवार गर्ने व्यक्ति दुवैलाई कानूनी कारवाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ लाई समय सापेक्ष संशोधन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । |

## वातावरण संरक्षण समिति

| बैठक मिति | निर्णयहरु |
|---|---|
| २०७४/०२/१९ | ● यस समितिका सभापति मा० जनकराज चौधरी संघीय मामिला तथा स्थानिय विकास राज्यमन्त्री पदमा नियुक्त हुनु भएकोमा समितिको तर्फबाट हार्दिक बधाई दिंदै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गरियो । |

| बैठक मिति | निर्णयहरु |
| --- | --- |
| | ● व्यवस्थापिका संसद नियमावली ०७३ नियम १८१ को उपनियम १(क) बमोजिम यस समितिको सभापतिको पद रिक्त हुन आएकोले सभापतिको पदपूर्ति गर्ने प्रक्रिया तथा समयका लागि सम्माननीय सभामुखज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।<br>● वातावरण दिवसको अबसरमा वातावरण संरक्षण समितिको अगुवाइमा मिति २०७४ जेष्ठ २४ गते विहान ८.०० बजे आयोजना हुने वातावरणसँग सम्बन्धित कार्यक्रम व्यवस्थापनको लागि जनसंख्या तथा वातावरण मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो । |
| २०७४/०३/२२ | व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को उपनियम (२) बमोजिम दर्ता भएको उम्मेदवारीको प्रस्ताव बमोजिम वातावरण संरक्षण समितिका सदस्य माननीय गीता क्षेत्री व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को उपनियम (४) बमोजिम समिति सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गरियो । |
| २०७४/०३/२५ | ● समितिका नवनिर्वाचित सभापति मा. गीता क्षेत्री एवं समितिका मा. सदस्यहबीच परिचयात्मक कार्यक्रम भयो ।<br>● समितिका माननीय सदस्यहरुबाट समितिले विगत र वर्तमानमा गरिरहेको कार्य एवं भविष्यमा गर्नुपर्ने कामहरुको बारेमा जानकारी प्राप्त हुनुका साथै सबैको सहकार्य, सहयोगमा समितिको कार्य अगाडि बढाउने प्रतिवद्धता व्यक्त भयो । |
| २०७४/०३/३० | ● समितिको काम कारवाहीलाई प्रभावकारी रुपमा अगाडि बढाउने उद्देश्यले समिति सभापतिको संयोजकत्वमा एक कार्य परामर्श उपसमितिको गठन गर्ने निर्णय भयो । साथै गठित उपसमितिमा समितिमा प्रतिनिधित्व गर्ने सबै दलबाट एक/एक जना सदस्य रहने गरी सात सदस्यीय उपसमितिको गठन भयो ।<br>● समिति अन्तरर्गत रहेका मन्त्रालयहरुबाट मन्त्रालयगत रुपमा एक/एक वटा उपसमिति गठन गर्ने र उपसमितिका संयोजकहरु दलिय सहमतिमा कार्य परामर्श उपसमितिले टुंगाउने निर्णय भयो । |

## विकास समिति

व्यवस्थापिका-संसद, विकास समिति मुलुकको समग्र विकासमा निरन्तर लागि रहेको छ । देशले हालसम्म अवलम्वन गरिआएको विकासको प्रक्रियामा देखिएका समस्याहरु, चुनौतिहरु तथा ढिलो विकास हुनुका पछाडि रहेका कारणहरुका सम्बन्धमा सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुका साथै विकास निर्माण लगायत

समसामयिक क्षेत्रसँग सम्बन्धित विषयहरुमा समितिले मिति २०७३ साल असार मसान्तसम्म १२६ वटा बैठक सम्पन्न गरिसकेको छ। समितिले आफ्नो कार्यक्षेत्र अन्तरगत रहेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयका साथै विकासका लागि समन्वय गर्नुपर्ने अन्य मन्त्रालय/निकायहरुसँग सम्बन्धित विषयहरुमा बैठक आयोजना गर्दै आएको हो।

समितिले वैशाखदेखि असार मसान्तसम्म जम्मा ६ वटा बैठक सम्पन्न गरेको छ। यो समयमा पहिलो तथा दोस्रो चरणको निर्वाचन परेकोले समितिको क्रियाशीलतामा केही कमी आएको हो। यद्यपि यस समयमा समितिले विभिन्न स्थानको स्थलगत अवलोकन गरी समितिमा प्रतिवेदन समेत पेश गरिसकेको छ। समितिका माननीय सदस्यहरुको टोलीले असार ४ गतेदेखि ६ गतेसम्म मैलुङ-स्याफ्रुवेसी सडक खण्ड तथा रसुवागढी-केरुङ नाकाको स्थलगत अवलोकन गरेको थियो। सो क्रममा नेपाली सेनाद्वारा निर्माणाधीन सडक खण्ड तथा केरुङमा चीन सरकारले गरेको पूर्वाधार विकासको अवलोकन गर्ने कार्य सम्पन्न गर्‍यो।

यसै गरी समितिको टोलीले असार १३ गते नारायणघाट-मुग्लिन सडक खण्डको स्थलगत अवलोकन गर्‍यो। काठमाडौं जोड्ने नेपालको मुख्य लाइफ लाइनको रुपमा रहेको उक्त सडक खण्डमा बारम्बार गइरहने पहिरोका कारण अवरुद्ध भएको राजमार्गको स्तरोन्नति तथा निर्माण सम्पन्न गरिसक्नु पर्ने समय सीमा गुज्रिसक्दा पनि निर्माण कार्यमा भएका ढिलाईका सम्बन्धमा समितिले चितवनमा नै अन्तरक्रिया कार्यक्रम राखी सरोकार वाला पक्षहरुसँग छलफल चलाएको थियो। निर्माण कार्यमा देखिएको ढिलासुस्तीले राजमार्ग अवरुद्ध हुँदा आम नागरिकले दैनिक बेहुर्नु परेको कठिनाई समाधान गर्न तथा निर्माण कार्यमा देखिएको ढिलासुस्तीको कारण पत्ता लगाई राजमार्गको समयमा नै मर्मत सम्भार गर्न गराउन निर्देशन समेत दिएको थियो।

यसै गरी समितिको टोली असार १६ गतेदेखि १८ गतेसम्म प्रदेश नं. २ को पूर्वाधार विकास तथा पूर्व-पश्चिम विद्युतीय रेल सेवा विस्तार र जनकपुर-वीरगञ्ज एकीकृत सहरी विकास आयोजनाको कार्य कसरी अगाडि बढिरहेको छ भन्ने सम्बन्धमा स्थलगत अवलोकन गर्न जनकपुर पुगेको थियो। सो समयमा जनकपुर-जयनगर, जनकपुर-विजलपुरा रेल सेवा तथा बर्दिबास-पथलैया रेलसेवा विस्तारका बारेमा स्थलगत अवलोकन गरी रेल विभागका पदाधिकारीहरुसँग छलफल गर्‍यो। एशियाली विकास वैंकले अघि सारेको जनकपुर-वीरगञ्ज एकीकृत सहरी विकास कार्यक्रमको कार्यप्रगति, देखिएका समस्या तथा समाधानका सम्बन्धमा समेत समितिको टोलीले उद्योग वाणिज्य संघ जनकपुरमा छलफल गरेको थियो।

समितिले वैशाख १३ गतेको बैठकमा हालसम्मको कार्य प्रगतिको समीक्षा र समितिलाई प्राप्त हुन आएका निवेदनहरु/उजुरीहरुका सम्बन्धमा छलफल गरी समितिको आगामी कार्ययोजनाका बारेमा माननीयज्यूहरुसँग परामर्श लिने कार्य गर्‍यो। यसैगरी समितिले जेठ २६ गतेको बैठकमा अति विशिष्ट व्यक्तिहरु (Big5) को आवागमन हुने समयमा सृजना हुने सवारी अवरोध प्रति आम नागरिकमा नकारात्मक धारणा अभिवृद्धि भएको देखिएको र यस्तो समयमा सवारी यातायात प्रणाली व्यवस्थापनमा कठिन हुने समेत देखिएकोले सो सम्बन्धमा आवश्यकता अनुसार सरलीकरण गर्न, मापदण्ड/कार्यविधि बनाई कार्यान्वयन गर्न र अन्य विशिष्ट व्यक्तिहरुले ट्राफिक नियमको परिपालना नगरे कानुन बमोजिम कारवाही गर्न गराउन गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल प्रहरी, महानगरीय ट्राफिक प्रहरी महाशाखा लगायत सम्बद्ध निकायलाई निर्देश गरेको छ।

उपत्यका भित्रको सडक पुर्वाधारहरुलाई नियमित एवं क्रमिकरुपमा स्तरोन्नती गर्न, सडक पेटी नभएका सडक खण्डहरुमा सडक पेटीको निर्माणको काम यथाशीघ्र थालनी गर्न, सडक पेटीहरुमा एकरुपता ल्याउन, १ महिना भित्र मापडण्ड बनाई कार्यान्वयन गर्न गराउन र आगामी दिनमा निर्माण हुने सडकहरु (जतिसुकै लेनको भए पनि) अनिवार्यरुपमा सडकपेटीको व्यवस्था गर्न गराउन समितिको यो बैठक नेपाल

सरकार, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, उपत्यका विकास प्राधिकरण, यातायत व्यवस्था विभाग, सडक विभाग, उपत्यका भित्रका महानगर तथा नगरपालिकाहरुलाई निर्देश गरेको छ । त्यसै गरि उपत्यकाका सडक पेटीहरु, आकाशे पुलहरुको अनधिकृत प्रयोग/कब्जा (खुद्रा व्यापार गर्ने, पसलहरुले सामान प्रदर्शन/मष्कउबिथ गर्ने, चटक देखाउने, फोहोर फाल्ने, छाडा चौपाय छोड्ने जस्ता कामहरु) गर्न नदिन, सो कार्य तत्काल गर्न गराउन र आकाशे पुलहरु निर्माणको कामलाई तीव्रता दिन सहरी विकास मन्त्रालय, उपत्यका भित्रका महानगरपालिका तथा नगरपालिकाहरुलाई निर्देश गरेको छ ।

उपत्यका भित्रका सडकहरुको अहिलेको अवस्थालाई यथाशीघ्र सुधार गर्न, कम्तीमा १२० मिटरको दुरीमा एक जेब्राक्रसिङ चिन्ह राख्ने गरि तत्काल (७ दिनभित्र) मापडण्ड बनाई जेब्राक्रसिंङ बनाउने काम १५ दिनभित्र गरि सक्न र अन्य ट्राफिक चिन्हहरु (गति निर्धारण चिन्ह, लेन लाइन, चढ्ने आराल्ने चिन्ह, ब्लाक स्पट चिन्हरु आदी) राख्ने काम २ महिना भित्र राखी सक्न सडक विभाग, यातायात व्यवस्था विभाग, नेपाल प्रहरी-ट्राफिक व्यवस्थापन महाशाखा लगायत सम्वन्धित निकायलाई निर्देश गर्दछ । सडक अनुसासन पालना गर्ने सम्वन्धमा प्रसस्तै कमि कमजोरी रहेकोले सडक प्रयोगकर्ताहरु (पैदलयात्री लगायत सवारीसाधन प्रयोगकर्ताहरु) लाई व्यापक जनचेतना प्रदान गर्न, (आवश्यकता अनुसार जनचेतना सप्ताह समेत सञ्चालन गर्न र हाल प्रसस्तै सञ्चार साधानहरु उपलब्ध भएकोले ति सबैको प्रयोग समेत गर्न गराउन), निश्चित जनचेतनाको कार्यक्रम सञ्चालन पश्चात सडक अनुशासन पालना नगर्ने सडक प्रयोगकर्तालाई कडा कारवाही गर्न महानगरपालिका एवं नगरपालीकाहरु, यातायत व्यवस्था विभाग, सडक विभाग, नेपाल प्रहरी-महानगरीय ट्राफिक प्रहरी महाशाखा लगायत सम्वन्धित निकायलाई निर्देश गर्दछ । साथै उल्लेखित निकायहरुलाई ७ दिन भित्र सडक अनुसासन/शिष्टाचार (च्यबम भ्तष्त्रगभततभ) निर्देशिका तथा सडक एवं सडकपेटी प्रयोग गर्ने सम्वन्धी निर्देशिका बनाई तत्काल कार्यान्वयनमा ल्याउन समिति निर्देश गर्दछ । एसियाली विकास बैकसँगको सहकार्यमा काठमाण्डौ उपत्यका सडकमा ट्राफिक वत्ति पुनः सुचारु गर्ने विषयलाई छिटो प्रक्रियाबाट निस्कर्षमा पुऱ्याउन र उक्त प्रक्रियाले समय लिन सक्ने देखिएको खण्डमा आफ्नै स्रोत साधनको परिचालन गरी वा वैकल्पिक व्यवस्थापन द्वारा ५ महिनाभित्र ट्राफिक बत्ती पुनः सुचारु गर्ने कार्य सम्पन्न गरी सक्न समिति शहरी विकास मन्त्रालय, नेपाल प्रहरी - महानगरीय ट्राफिक प्रहरी महाशाखालाई निर्देश गरेको छ ।

समितिले यही जेठ २९ गते स्थानीय तहले सम्पादन गर्ने कार्यहरुमा सहजिकरण, समन्वय र प्रभावकारी बनाउने, स्रोत/खर्च तथा कर्मचारी व्यवस्थापन लगायतका सन्दर्भमा हालसम्म भएका काम कारवाहीहरु/कार्यप्रगति, प्रारम्भिक चरणमा देखा परेका समस्या तथा चुनौतीहरु र समाधानका लागि गरिएका प्रयासहरुका सम्बन्धमा नेपाल सरकारका मुख्य सचिव, सचिव-अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, पोखरा लेखनाथ महानगरपालिकाका नगर प्रमुख एवं कार्यकारी अधिकृतहरुसँग छलफल गरेको थियो । छलफलका क्रममा स्थानीय तहमा सृजना गरिने संरचनाहरु गतिशील प्रकृतिको चुस्त र दुरुस्त हुनु पर्ने देखिन्छ भने हाल छलफलमा रहेको स्थानीय तहको संरचनामा प्रशासनिक अवयवमाथि मात्रै बढी छलफल केन्द्रित हुने गरेको पाइन्छ/देखिन्छ । स्थानीय तहको विकासका लागि Administrative Component को प्रभावकारिताले मात्रै विकासले गति लिन नसक्ने देखिएकोले Technical Aspect/Component लाई समेत संरचनामा समावेश गरी स्थानीय तहको संगठनात्मक संरचना बनाउन र वैज्ञानिक सूचकका आधारमा संगठन र व्यवस्थापन सर्वेक्षण (O&M) तत्काल गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, तथा स्थानीय तहहरुलाई निर्देश गऱ्यो ।

संघीयता कार्यान्वयनको क्रममा आगामी दिनमा हाल केन्द्रमा रहेका विभिन्न केन्द्रीय निकायहरु ( मन्त्रालय/विभाग/संवैधानिक निकाय लगायतका निकायहरु) हट्न जाने एवं उक्त हक अधिकार स्थानीय

तहले क्षमताको अभवमा तत्काल प्रयोग गर्न कठिनाई देखिने भएकोले उक्त समस्या समाधान गर्न र आ.व. ०७४/०७५ को बजेटमा समेत आगामी दिनमा (माघ ७ गतेभित्र) हट्न सक्ने केन्द्रिय निकायलाई साविक भन्दा बढी बजेट विनियोजन समेत भएको देखिएकोले स्थानीय तहमा सोको खर्चप्रक्रिया/व्यवस्थापन सम्बन्धमा ३० दिनभित्र स्पष्ट कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन समान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा स्थानीय तहलाई निर्देश गरेको छ ।

यसैगरी स्थानीय तहको क्षमताको विकास नगरी संविधान प्रदत्त हक अधिकारको प्रयोगले पूर्णता पाउन नसक्ने देखिएकोले स्थानीय तहमा समायोजन हुने कर्मचारीहरुलाई समयमानै अनिवार्य रुपले प्रशिक्षित गर्ने गराउने, क्षमता अभिवृद्धि गर्ने, गराउने र निश्चित स्पष्ट मापदण्डको आधारमा मात्रै कर्मचारीको व्यवस्थापन गर्न गराउन र सेवा प्रवाहमा सूचना प्रविधिको भरपुर प्रयोग गरी सकेसम्म न्यूनतम जनशक्तिबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन समितिले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रलाय, समान्य प्रशासन मन्त्रालयलाई निर्देश गरेको छ । स्थानीय तहलाई संविधानले प्रदान गरेको अधिकारको सूची (विस्तृतिकरण गरिएको सूची) समेतको कार्यान्वयनका लागि स्थानीय तहले सर्वप्रथम आफ्नो उपलब्ध स्रोत साधनको अल्पकालिन र दीर्घकालिन रुपमा सुनिश्चितता गरी आवश्यकताहरुको प्राथमिकीकरण गर्दै (सर्वप्रथम कार्यालय बनाउने, अभिलेख व्यवस्थापन, सेवा प्रवाह गर्ने संरचनाहरुको निर्माण, अंगहरुको निर्माण, भूकम्प पश्चात्को पुनर्निर्माण, लगायत क्रमशः प्राथमिकता दिंदै) क्रमिक रुपमा कार्यसम्पादन गर्न गराउन समिति स्थानीय तहहरुलाई ध्यानाकर्षण गराउँछ ।

यसै गरी समितिले असार २० गतेको बैठकमा सडक निर्माण सम्बन्धमा हालसम्म भएको कार्यप्रगति ( कलंकी-नागढुंङ्गा लगायत उपत्यका भित्रको सडक, मुग्लिन-नारायणगढ सडक खण्ड एवं उत्तर-दक्षिण राजमार्ग लगायतका सडकहरु) का सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, काठमाडौं उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त तथा अन्य सम्बद्ध पदाधिकारीहरुसँग विस्तृत छलफल गरेको थियो । उपत्यका भित्र हाल भैरहेको विकास निर्माणका कार्यले गर्दा अधिकांश सडकहरु दुरावस्थामा पुगेको पाइन्छ । उपत्यका भित्र जम्मा १५९४.६७ कि.मि. सडक र ९ लाख ६३ हजार ५ सय भन्दा बढी सवारी साधन रहेको अभिलेखमा देखिन्छ । अझै पनि सहरी सौन्दर्यमा नकारात्मक प्रभाव पारिरहेको तारहरुलाई अन्डरग्राउन्ड गर्न, युटिलिटि टनेल बनाई सोको प्रयोग गर्न सकिरहेको अवस्था छैन । उपत्यका भित्रको कूल जमिनको करिव ७.५ प्रतिशत मात्रै सडकले ओगटेको पाइन्छ जुन महानगर तथा राजधानी सहरका लागि चाहिने अन्तर्राष्ट्रिय मापदण्ड भन्दा धेरै नै न्यून हो । तसर्थ समितिले उपत्यका भित्रका सडकहरुलाई तत्काल स्तरोन्नति गर्न, मापदण्ड अनुसार सडकको चौडाई तत्काल विस्तार गर्न, आगामी दिनमा बिजुलीका तारहरुलाई युटिलिटि टनेल अन्तर्गत अन्डरग्राउन्ड गर्न र सडकहरुलाई तीन महिनाभित्र दुरुस्त अवस्थामा राखिसक्ने व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उपत्यका विकास प्राधिकरण, सडक विभाग, काठमाडौं महानगरपालिकालाई र नेपाल विद्युत प्राधिकरणलाई निर्देश गऱ्यो ।

नेपालमा सडक निर्माण गर्ने सीमित निकायहरुको बिच पनि समन्वयको ठूलो अभाव देखिन्छ । काठमाडौं उपत्यका विकास प्राधिकरण, सडक विभाग, महानगरपालिका आदिले विकास एवं विस्तार गर्ने सडकहरुको अवधारणा तथा मापदण्डमा समेत भिन्नता हुने गरेको छ । तसर्थ आगामी दिनमा राजमार्गको सडक विकास एव्म विस्तार गर्ने प्रणाली र सहरी यातायात विकास गर्ने प्रणालीलाई सुदृढीकरण गरी प्रभावकारी र गुणस्तरीय कार्यसम्पादन गर्न गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गरेको छ । त्रिपुरेश्वर-कलंकी-नागढुङ्गा सडक खण्डमा अत्याधिक सवारी चाप रहेकोले सडक विस्तार अनिवार्य छ । यो

सडक खण्ड विस्तारका लागि घर जग्गाको मुआब्जामा समस्या, नगर विकास मापदण्ड अनुसारको विस्तारमा रहेको समस्या, फरक फरक मितिमा नेपाल सरकारले गरेको निर्णय अनुसार पर्न गएको समस्याहरुलाई छिटोभन्दा छिटो टुङ्ग्याउन र यस सडक खण्ड विस्तारका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको आदेशको उच्च सम्मान गर्दै पीडितहरुलाई कानुन बमोजिम क्षतिपूर्ति समेत उपलब्ध गराई सम्भावित उपाय समेत पहिल्याई उक्त विस्तार कार्य शीघ्रातिशीघ्र गर्न गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौं उपत्यका विकास प्राधिकरणलाई निर्देश गरेको छ ।

समितिको असार २६ गतेको बैठकमा सप्तरीको जिल्लाको तिलाठी लगायत देशका बिभिन्न ठाउँमा देखिएको बाढी, डुवान, पहिरो, तटबन्ध निर्माण एवम् उल्लेखित सन्दर्भमा सार्बजनिक रुपमा उठेका प्रश्नहरु सम्बन्धमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, राष्ट्रिय योजनाका आयोगका सम्बन्धित क्षेत्र हेर्ने माननीय सदस्य, गृह मन्त्रालय, अर्थ मन्त्रालय, सिंचाई मन्त्रालयका सचिवहरु, जलउत्पन्न प्रकोप नियन्त्रण बिभागका महानिर्देशक लगायत सम्बद्ध पदाधिकारीहरुसँग छलफल गऱ्यो । हालैको अबिरल बर्षाका कारण श्रृजित बाढी पहिरो, डुबानबाट प्रभावितहरुको यथार्थ लगत संकलन गर्न, प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउन, बाढी पहिरो, डुबानबाट प्रभावित भएका बस्तीहरुलाई समयमै स्थानान्तरण गर्न गराउन, जलप्रकोपबाट उत्पन्न समस्यालाई न्यूनीकरण गर्न आवश्यक पर्ने तटबन्ध निर्माण लगायतका कार्यलाई युद्धस्तरमा गर्न गराउन, राहत तथा उद्धारका लागि सम्बन्धित जिल्ला उद्धार समितिलाई सक्रिय गराउन, जोखिमयूक्त क्षेत्र तत्काल पहिचान गर्न गराउन र त्यस्ता क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई उचित क्षतिपूर्ति तथा मुआब्जा दिई वस्ती स्थानान्तरण गर्ने व्यवस्था गर्न नेपाल सरकार, गृह मन्त्रालय, सिंचाई मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देश गरेको छ ।

बाढि पहिरो, डुबान जस्ता क्षति न्यूनीकरण गर्न जोखिमयूक्त बस्तीहरुलाई पूर्व सचेत गराउन साबधानीका सूचकहरु (एस.एम.एस. प्रणाली, वार्णिङ्ग साईरन लगायतका सूचकहरु) को व्यवस्था मिलाई प्रयोग गर्न, प्राकृतिक प्रकोप व्यवस्थापन पद्धति अनुरुप आवश्यक पूर्व तयारी एव्म पूर्व साबधानी सहितको कार्ययोजना तत्काल बनाउन, उद्धार लगायतका कार्यका लागि हेलिकप्टर, डोजर, स्काभेटर, बेलिब्रिज, खाद्य सामाग्री, औषधी लगायतका राहत सामाग्री तथा उद्धारजन्य उपकरणहरु तयारी अवस्थामा राख्न र विपद् व्यवस्थापन बिधेयक १५ दिन भित्र तयार गरी सदनमा पेश गर्न नेपाल सरकार, गृह मन्त्रालय, रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देश गऱ्यो ।

हालैको बाढि पहिरो, डुबानले पुऱ्याएको भौतिक पूर्वाधारहरुको क्षतिको स्पष्ट मूल्यांकन गरी अबिलम्ब मर्मत सम्भार गर्ने गराउने व्यवस्था मिलाउन, हरेक स्थानीय तहमा बिपद् तथा जलवायूजन्य जोखिम न्यूनिकरण सम्बन्धि प्रशिक्षण केन्द्र स्थापना गरी आमनागरिकलाई पूर्व सचेतना दिने व्यवस्था मिलाउन, नेपालमा छरिएर रहेका बस्तिहरु, बाढि पहिरो, डुबान लगायतका प्राकृतिक प्रकोपबाट कत्तिको जोखिमयूक्त छन् सो को अध्ययन (क्बाभतथ ब्गमष्त) गर्न गराउन, केन्द्रिय दैबि प्रकोप उद्धार समितिलाई समयानुकूल प्राकृतिक प्रकोप व्यवस्थापन गर्ने उच्च एव्म अधिकारसम्पन्न निकायको रुपमा स्तरोन्नत्ति गर्न गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देश गऱ्यो । बाढी पहिरो नियन्त्रण गरी जन धनको क्षति हुन नदिने विषय ऋचयकक ऋगततष्लन विषय भएकोले दीर्घकालीन रुपमा समस्या समाधान गर्नको लागि यस विषयसँग सरोकार राख्ने सबै निकायहरुसँग समन्वय कायम गरी च्भकभबचअज दबकभ मा आधारित एकीकृत गुरु योजना बनाई सबै निकायहरुलाई समय सीमा भित्र कार्य सम्पन्न गर्ने गरी जिम्मेवारी तोकी कार्य गराउने व्यवस्था तत्काल लागू गर्न एवं त्यसको समन्वय राष्ट्रिय योजना आयोगबाट हुने व्यवस्था लागू गर्न गराउन र त्यसको लागि बजेट अभाव हुन नदिन नेपाल सरकार, गृह मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सिंचाई मन्त्रालयलाई निर्देश गरेको छ ।

## संसदीय सुनुवाई विशेष समिति

- नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।०१।०७ को पत्रानुसार स्पेनका लागि नेपाली राजदुत पदमा भरत बहादुर रायमाझीको नाम संसदीय सुनुवाईका लागि प्राप्त भएकोमा मिति २०७४। ०१।११ मा सुनुवाई प्रक्रिया प्रारम्भ भई मिति २०७४/०२/०४ मा अनुमोदन गरि पठाइएको

- संवैधानिक परिषदको मिति २०७४।०१।१९ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदको लागि श्री दीप बस्न्यात र महालेखा परीक्षकको पदका लागि श्री टंकमणि शर्माको नाम संसदीय सुनुवाईका लागि प्राप्त भएकोमा मिति २०७४। ०१।२४ मा सुनुवाई प्रक्रिया प्रारम्भ भई मिति २०७४/०२/०७ मा अनुमोदन गरी पठाइएको ।

- संवैधानिक परिषदको मिति २०७४।०३।१५ को पत्रानुसार सर्वोच्च अदालता प्रधानन्यायधीश पदका लागि श्री गोपाल प्रसाद पराजुलीकोको नाम संसदीय सुनुवाईका लागि प्राप्त भएकोमा मिति २०७४/०३/१८ मा सुनुवाई प्रक्रिया प्रारम्भ भई मिति २०७४।०४।०१ अनुमोदन गरी पठाइएको ।

- मिति २०७४।०२।०७ को समितिको बैठकबाट संसदीय सुनुवाईको प्रभावकारिता अभिवृद्धिका उपायहरुको अध्ययन गरी समिति समक्ष सुझाव सहितिको प्रतिवेदन पेश गर्न देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको उपसमिति गठन गरिएको :
- मा. आनन्द प्रसाद ढुंगाना – संयोजक
- मा.गणेशमान गुरुङ्ग – सदस्य
- मा. योगेन्द्र चौधरी – सदस्य
- मा. शयन्द्र वान्तवा – सदस्य
- मा. हितराज पाण्डे – सदस्य

## अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा

| क.सं. | सम्पादित मुख्य कार्यहरु | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | कूटनीतिक राहदानीको लागि सिफारिश | ५ पटक | |
| २. | विशेष राहदानीको लागि सिफारिश | १ " | |
| ३. | साधारण राहदानीको लागि सिफारिश | ९ " | |
| ४. | भिषा नोटको लागि सिफारिश | ४६ " | |
| ५. | नेपालबाट विदेश जाने र विदेशबाट नेपाल आउने प्रतिनिधिमण्डलको भ्रमण व्यवस्थापन सम्बन्धी काम | ७ " | |
| ६. | शिष्टाचार भेट व्यवस्थापन सम्बन्धी काम | ८ " | |

# अनुसूची-१

## दोस्रो अधिवेशन (वैशाख १ देखि मात्र)

*बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण*

| क्र.सं | बैठक | मिति | प्रारम्भ | अन्त्य |
|---|---|---|---|---|
| १. | १२८ | २०७४/०१/०७ | १:४५ | ३:१० |
| २. | | २०७४/०१/१० | सूचना प्रकाशित | |
| ३. | १२९ | २०७४/०१/११ | २:१० | ३:१० |
| ४. | १३० | २०७४/०१/१२ | १:१० | १:२५ |
| ५. | १३१ | २०७४/०१/१३ | १२:१०<br>८:३०<br>१०:२० | १२:३०<br>९:४५<br>१०:३० |
| ६. | १३२ | २०७४/०१/१७ | १:१० | १:१५ |
| ७. | १३३,<br>१३४ | २०७४/०१/२२ | ११:२५<br>२:१० | ११:३०<br>२:२० |
| ८. | १३५ | २०७४/०२/०४ | ३:३० | ४:३५ |

## व्यवस्थापिका-संसद

## तेस्रो अधिवेशन

बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| ९. | १ | २०७४/०२/०८ | १:१५ | १:२० |
| १०. | | २०७४/०२/०९ | सूचना प्रकाशित | |
| ११. | | २०७४/०२/१० | सूचना प्रकाशित | |
| १२. | २,<br>३ | २०७४/०२/११ | ४:०५<br>५:३० | ४:४०<br>५:३५ |

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १३. | ४ | २०७४/०२/१२ | १:१०<br>४:५५ | १:१५<br>५:०० |
| १४. | ५,<br>६ | २०७४/०२/१३ | १:०५<br>२:५५ | १:१५<br>५:१० |
| १५. | ७ | २०७४/०२/१४ | ११:२० | १:०५ |
| १६. | ८,<br>९ | २०७४/०२/१५ | ५:००<br>६:५० | ७:१५<br>७:२० |
| १७. | १० | २०७४/०२/१७ | १२:०५ | १२:१५ |
| १८. | ११ | २०७४/०२/१८ | १:३५ | १:४० |
| १९. | | २०७४/०२/१९ | सूचना प्रकाशित | |
| २०. | | २०७४/०२/२१ | सूचना प्रकाशित | |
| २१. | १२,<br>१३ | २०७४/०२/२३ | १:३०<br>४:४५ | ४:२०<br>६:५५ |
| २२. | १४,<br>१५ | २०७४/०२/२५ | १:२०<br>२:१० | १:४५<br>२:२५ |
| २३. | १६ | २०७४/०२/२६ | ११:१० | १:३० |
| २४. | १७,<br>१८,<br>१९ | २०७४/०२/२८ | सूचना प्रकाशित<br>३:४५<br>४:१५<br>४:५० | <br>३:५०<br>४:३०<br>५:१० |
| २५. | २० | २०७४/०३/१८ | १:२५ | १:३० |
| २६. | २१, | २०७४/०३/१९ | ११:३५ | १:५० |

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| | २२ | | २:३० | २:४० |
| २७. | २३ | २०७४/०३/२० | ११:२० | २:१५ |
| २८. | २४ | २०७४/०३/२१ | ११:२५ | ३:२५ |
| २९. | २५ | २०७४/०३/२२ | ११:२५ | ३:१० |
| ३०. | २६ | २०७४/०३/२३ | ११:२५ | ४:०५ |
| ३१. | २७ | २०७४/०३/२५ | ११:२५ | २:२० |
| ३२. | २८,<br>२९ | २०७४/०३/२६ | ११:२५<br>३:२० | ३:००<br>४:०५ |
| ३३. | ३० | २०७४/०३/२८ | १:२५ | ५:०० |
| ३४. | ३१ | २०७४/०३/२९ | ४:१५ | ५:३० |

# अनुसूची - २
## आर्थिक प्रशासन शाखा

नेपाल सरकार
व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौं

म.ले.प.फा.नं. १३

**खर्चको फाँटवारी ( चालु खर्च)**

**२०७४ साल असार महिना**

**आर्थिक वर्ष २०७३/७४**

**बजेट शिर्षक : २०२००१३ व्यवस्थापिका संसद**

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वित्तिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ५५४,९२५.०० | ४,९८४,१४५.०० | २१११११ तलब | ५,६५१,०००.०० | ४,९८४,१४५.०० | ६६६,८५५.०० | |
| २,०००.०० | २२,०००.०० | २१११३ महंगी भत्ता | २४,०००.०० | २२,०००.०० | २,०००.०० | |
| ४६,०००.०० | १४२,२००.०० | २१११९ अन्य भत्ता | १४६,०००.०० | १४२,२००.०० | ३,८००.०० | |
| ०.०० | ०.०० | २११२३ औषधी उपचार खर्च | ३००,०००.०० | ०.०० | ३००,०००.०० | |
| २,०००.०० | ५२,९५२.०० | २२१११ पानी तथा बिजुली | ८१,०००.०० | ५२,९५२.०० | २८,०४८.०० | |
| ६,०००.०० | ७८,९४८.०० | २२११२ संचार महसुल | ८१,०००.०० | ७८,९४८.०० | २,०५२.०० | |
| ५१,७५०.०० | ७९६,४८४.०० | २२२११ इन्धन | १,१४६,०००.०० | ७९६,४८४.०० | ३४९,५१६.०० | |
| ७,५००.०० | ६२,४३६.०० | २२३११ कार्यालय सम्बन्धी खर्च | ७४,०००.०० | ६२,४३६.०० | ११,५६४.०० | |
| १,८५६,०२६.०० | ४,०८०,०००.०० | २२६११ अनुगमन मूल्यांकन खर्च | ४,०८०,०००.०० | ४,०८०,०००.०० | ०.०० | |
| -७१,९६७.०० | १,३४९,२०२.०० | २२७११ विविध खर्च | ३,०००,०००.०० | १,३४९,२०२.०० | १,६५०,७९८.०० | |
| २,४५४,२३४.०० | ११,५६८,३६७.०० | कुल जम्मा : | १४,५८३,०००.०० | ११,५६८,३६७.०० | ३,०१४,६३३.०० | |

<u>कोषको अवस्था</u>

बैंकको नाम :
जम्मा खर्च ११५६८३६७
पेश्की :
म्याद नाघेको : ०
म्याद ननाघेको : ०
पेश्की कटाई खुद खर्च : ११५६८३६७

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

म.ले.प.फा.नं. १३

नेपाल सरकार
व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौं

# खर्चको फाँटवारी ( पूंजीगत खर्च)

**२०७४ साल असार महिना**

**आर्थिक वर्ष २०७३/७४**

**बजेट शिर्षक : २०२०१२४ व्यवस्थापिका -संसद सचिवालय**

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वित्तिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ०.०० | ५६,५००.०० | २९२२१ भवन निर्माण | ५,०००,०००.०० | ५६,५००.०० | ४,९४३,५००.०० | |
| १,९४७,९३७.०० | ७४९६,७५२.०० | २९३११ फर्निचर तथा फिक्चर्स | ७,५००,०००.०० | ७४९६,७५२.०० | ३,२४८.०० | |
| ६६,३२१,७९८.०० | ६६,३२१,७९८.०० | २९४११ सवारी साधन | ६६,३३८,०००.०० | ६६,३२१,७९८.०० | १६,२०२.०० | |
| १,३३३,४००.०० | ५८२४,३८७.०० | २९५११ मेशिनरी औजार | ५,९००,०००.०० | ५८२४,३८७.०० | ७५,६१३.०० | |
| ६,६६२,३३९.०० | १७४२५,३६७.०० | २९६११ पूंजीगत सुधार खर्च - सार्वजनिक निर्माण | २२,२२३,०००.०० | १७४२५,३६७.०० | ४,७९७६३३.०० | |
| ७९,२६५,४७४.०० | १००,१२४,८०४.०० | कुल जम्मा : | १०९,९६१,०००.०० | १००,१२४,८०४.०० | ९,८३६,१९६.०० | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च १००१२४८०४
पेश्की :
म्याद नाघेको : ०
म्याद ननाघेको : ०
पेश्की कटाई खुद खर्च : १००१२४८०४

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :